मिति २०७५।११।१५

# पोखरा महानगरपालिकाको मेयर प्रबिधि मैत्री कृषि परियोजना अन्तर्गत आलु प्रवर्द्धन कार्यक्रमको लागि सहयोग सम्बन्धि सूचना

पोखरा महानगरपालिकाको मेयर प्रबिधि मैत्री कृषि बिकास परियोजना अन्तर्गत आलु प्रवर्द्धन कार्यक्रमको लागि आलु उत्पादन क्लस्टरको रुपमा छनौट भएका **क्लस्टर १ पोखरा महानागरपालिका वार्ड न २५, हेम्जा तथा क्लस्टर २ पोखरा महानागरपालिका वार्ड न २६,२७,२९,३०,३१, लेखनाथ** क्षेत्र भित्र खायन तथा बिउ आलु उत्पादन गर्ने समूह सहकारीलाई क्षमता, सक्रियता तथा प्रतिबद्धताको आधारमा **बिउ उत्पादन कोष, प्याकेजिंगमा बढीमा रु२ लाख** सम्म सहयोग तथा **बिउ आलु भण्डारणमा ५० प्रतिशत अनुदान** दिने कार्यक्रम भएकोले तपशिल अनुसारको फर्मेट तथा कागजातसहित मिति **२०७५ साल चैत्र २५** गते कार्यालय समयभित्र कृषि महाशाखामा निबेदन पेश गर्नु हुन अनुरोध छ।

**तपशिल**

१. समुह, सहकारीमा आबद्ध सदस्यको तपशिल अनुसारको विवरण, खेती गरेको जग्गाको लालपुर्जाको प्रतिलिपी र नागरिकताको प्रतिलिपी पेश गर्नुपर्नेछ

| सी नं | किसानको नाम | ठेगाना | सम्पर्क नं | आलु खेति गरेको जग्गाको क्षेत्रफल रोपनी | | आलु को जात तथा स्तर | यस बर्ष उत्पादन परिमाण केजी | | बिक्रि गरेको भए सो को परिमाण केजी | | बार्षिक बिक्रि बाट प्राप्त आय रु | | भण्डारण गरेको बिउको परिमाण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | खायन | बिउ उत्पादन | | खायन | बिउ उत्पादन | खायन | बिउ उत्पादन | खायन | बिउ उत्पादन | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | | |

२. समूह, सहकारीको निर्णयको प्रतिलिपि – हालको जम्मा उत्पादन क्षेत्र तथा परिमाण खुलेको विवरण, आगामी बर्ष क्षेत्र बिस्तार गर्ने, उत्पादन बृद्धी परिमाण, बिउ उत्पादन को लक्ष्य सहितको विवरण तथा थप लागानी गर्ने प्रतिबद्धता

३. समूह सहाकारिले उत्पादन गरेको बिउ आलुको स्रोत तथा स्तर खुलेको हुनुपर्नेछ र परिमाण सहित भण्डारण गरेको विवरण खुलेको बिल पेश गनुपर्नेछ।

४. कृषि समूहको हकमा पोखरा महानगर पालिका कृषि महाशाखामा सुचिकृत हुनुपर्नेछ।

५. सम्बन्धित कृषि संजाल तथा वडा कार्यालयको सिफारिस।

६. उपरोक्त विवरण सहित सहयोग पाउ भनि सस्थाको आधिकारिक लेटर प्याडमा प्रमाणपत्रकको प्रतिलिपि सहित निबेदन दिनुपर्नेछ।

नोट : अनुगमनको क्रममा झुटा वा फर्जी विवरण भेटिएमा कुनै पनि सहयोग नहुने व्यहोरा अनुरोध छ

**थप जानकारीको लागि पोखरामा महानगरपालिका कृषि महाशाखा, www.pokharakrishi.com सम्पर्क गर्नुहोला**